**Interdisciplinary Research in Education**
Volume 8, Issue 1, 2023: 22-30
DOI: https://doi.org/10.3126/ire.v8i1.56723



# 'प्रिय मौनता' कविता सङ्ग्रहमा प्रतीकको उपयोग

**राजेन्द्र खनाल**
sauravabhirk@gmail.com
उपप्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

**शब्दकुन्जी**

*प्राणीजन्य प्रतीक*
*वस्तुजन्य प्रतीक*
*परिवेशजन्य प्रतीक*
*प्रतिकात्मक*

**लेखसार**

*"प्रिय मौनता' कविता सङ्ग्रहमा उपयोग गरिएका प्रतीक पहिचान गरी तिनको विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो । वर्णनात्मक विधिमा आधारित यस लेखमा पुस्तकालीय अध्ययन प्रक्रियाबाट तथ्य सङ्कलन गरी तिनको विश्लेषण गरिएको छ । यस लेखमा प्रतीकविधानको सैद्धान्तिक स्वरूप  उल्लेख गरिएको छ । उक्त सिद्धान्तमा आधारित भई प्राणीजन्य प्रतीक, वस्तुजन्य प्रतीक तथा परिवेशजन्य प्रतीक पहिचान गरी विश्लेषण गरिएको छ । विश्लेष्य कवितासङ्ग्रह समाविष्ट कविताहरूमा भावनात्मक प्रकटन मात्र नभई ज्ञान र अनुभवको मिश्रण पनि पाइन्छ । सङ्गृहीत कविताहरूमध्ये अधिकांश कवितामा नारीवादी विचार सघन देखिन्छ भने लैङ्गिक समभाव एवम् सन्तुलनको अपेक्षा पनि गरिएको छ । सङ्ग्रहका केही कवितामा सांस्कृतिक सचेतना प्रकट भएको छ भने कतिपय कवितामा समसामयिक नेपाली समाजका विकृति एवम् विसङ्गतितर्फ व्यङ्ग्य पनि गरिएको छ । कविद्वारा वर्गीय, लैङ्गिक तथा मानवतावादी विचारलाई प्रवाहमय बनाउनका निम्ति सान्दर्भिक प्रतीकको उपयोग गरिएको छ । कविता सङ्ग्रहमा प्रायः प्रतीक पदावलीकै रूपमा उपयोग गरिएको छ । विभिन्न कवितामा एउटै प्रतीक पनि दुई वा सोभन्दा बढी स्थानमा प्रयुक्त छन् । कवितामा वस्तुजन्य प्रतीकको आधिक्य पाइन्छ । कविताको शीर्षक र विषयवस्तुअनुसारका प्रतीक प्रयोगले प्रस्तुति अर्थपूर्ण र प्रभावकारी बनेको देखिन्छ । कवितामा प्रतीकका कारण कविले व्यक्त गर्न चाहेको भाव तथा विचार शिष्ट र आलङ्कारिक शैलीमा सघन किसिमले प्रकट भएको छ। भाव र विचारको सघन प्रस्तुतिका लागि प्रतीकको समीचीन प्रयोगमा कवि सचेत र सक्षम देखिन्छन् ।*

## विषयप्रवेश

कवितामा कविको काल्पनिक एवम् भावनात्मक अनुभूतिसहित विचारको प्रवाह हुन्छ । प्रस्तुतिमा लयात्मककता हुन्छ चाहे त्यो गद्य कविता होस् वा पद्य कविता । गद्य कविताका तुलनामा गेयात्मकता पद्य कवितामा बढी हुन्छ । कविले अनुभव, विचार तथा कल्पना र दृष्टिकोणलाई कवितामा प्रकट गरेका हुन्छन् । काल्पनिक कविता हुन् वा वैचारिक कविता हुन्, वस्तुगत कविता हुन् भावगत कविता नै किन नहुन्, सबैमा परिवेश, समाज, सन्दर्भ तथा समयसँग सम्बद्ध विषयवस्तु, तीप्रतिका आग्रह वा विचारको प्रस्तुति हुन्छ । प्राणीजन्य सन्दर्भ, वातावरण, प्रकृति आदि विषयमा आधारित कवितामा पर्यावरणीय पक्षको सचेत उद्घाटन गरिएको हुन्छ । विषयको प्रस्तुतिमा कविले पर्यावरणीय प्रतीकको पर्याप्त प्रयोग गरेका हुन्छन् । प्रतीक निर्माणका निम्ति कविले आफ्नो पर्यावरणलाई नै स्रोत बनाइएको हुन्छ । कवितामा विचार तथा भावनाको प्रस्तुतिलाई आलङ्कारिक तथा प्रभावशाली बनाउन र सौन्दर्य सिर्जना गर्न पर्यावरणीय सन्दर्भका प्रतीकको उपयोग अधिकाधिक गरिएको हुन्छ । अप्रस्तुत विषय, वस्तु तथा सन्दर्भलाई चिनाउन परिचित विषय या वस्तुको प्रयोग गरिनु नै प्रतीकविधान हो । कवितालगायत साहित्यमका प्रायः विधामा उपयोग गरिने यस्तो प्रतीक व्यवस्थालाई पूर्वीय साहित्यशास्त्रले अलङ्कारका रूपमा चिनाएको छ भने पाश्चात्य साहित्यशास्त्रले प्रतीकका रूपमा अर्थ्याएको छ । साहित्यमा प्रतीकको महत्त्व प्राचीन कालदेखि नै स्वीकृत छ (उपाध्याय, २०४९, पृ. ३२५) । प्रतीक ईश्वरीय, मिथकीय, काल्पनिक, सामाजिक एवम् वातावरणीय हुन सक्छन् । फेरि, यस लेखमा 'प्रिय मौनता' कविता सङ्ग्रहमा उपयोग गरिएका प्रतीक पहिचान गरी तिनको विश्लेषण गरिएको छ । प्रतीकका प्रकार विविध आधारमा विभिन्न किसिमका हुन्छन् । यस लेखमा प्राणीजन्य, वस्तुजन्य तथा परिवेशजन्य गरी जम्मा तीन किसिमका प्रतिनिधिमूलक प्रतीकात्मक पदावली पहिचान गरी तिनको सन्दर्भपरक विश्लेषण मात्र गरिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

गुणात्मक ढाँचामा तयार पारिएको प्रस्तुत लेख वर्णनात्मक विधिमा आधारित छ । यस लेखमा पुस्तकालयीय अध्ययन कार्यबाट तथ्य सङ्कलन गरिएको छ । लेख तयार गर्दा 'प्रिय मौनता' कविता सङ्ग्रहलाई प्राथमिक स्रोत तथा पर्यावरणीय सन्दर्भसँग सम्बद्ध सैद्धान्तिक ग्रन्थलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । प्रस्तुत लेखमा प्रतीकविधानको सैद्धान्तिक मान्यता सङ्क्षेपमा उल्लेख गरिएको छ । प्रतीकका विविध पक्षमध्ये पर्यावरणीय सन्दर्भसँग सम्बद्ध प्राणीजन्य, वस्तुजन्य तथा परिवेशजन्य प्रतीकको परिचयात्मक चर्चा गरी 'प्रिय मौनता' कविता सङ्ग्रहमा प्रयुक्त प्रतीकको सन्दर्भपरक विश्लेषण गरिएको छ ।

## अध्ययनको सान्दर्भिकता

साहित्यिक रचनामा अदृश्य विषयलाई दृश्य साधनका माध्यमबाट चिनाउँदै रचनालाई प्रभावकारी र आलङ्कारिक बनाउनका लागि प्रतीकको प्रयोग गरिन्छ । जुनसुकै कृति वा रचनामा प्रयोग गरिएका भाषिक साधनले उक्त रचनालाई शिक्षणीय र कलात्मक बनाएका हुन्छन् । कृतिमा प्रयुक्तप्रतीककै माध्यमबाट ती रचनाका शैली आकर्षक, प्रभावकारी र सार्थक बनेका हुन्छन् । विद्यार्थीकेन्द्री रचना तथा शिक्षण सिकाइका सवालमा त यस्ता प्रतीकको महत्त्पूर्ण भूमिका हुन्छ । यसका साथै भाषाशास्त्रीय एवम् सौन्दर्यशास्त्रीय समालोचनात्मक पठन र विश्लेषणका लागि प्रतीकविधानको विश्लेषण उपयोगी हुन्छ । साहित्यिक रचनामा भएका विम्ब, प्रतीक एवम् अलङ्कारको पहिचान तथा विश्लेषण गर्नु समालोचनाको प्रमुख पक्ष भएकाले प्रस्तुत लेख समालोचना विधासँग सम्बद्ध छ । तसर्थ

यसबाट तद्‌विषयक समालोचनात्मक सुझ निर्माण र प्रायोगिक पक्षको विचरणमा लाभ प्राप्त हुने अपेक्षा गर्न सकिन्छ ।

प्रस्तुत लेखमा प्रतीकको सैद्धान्तिक आधारसहित कवितामा प्रयुक्त प्रतीकको पहिचान र विश्लेषण गरिएकाले सोसम्बन्धी अध्ययन एवम् अनुसन्धान गर्ने अध्येताका निम्ति उपयोगी र सान्दर्भिक हुने देखिन्छ । त्यस्तै, कृति विश्लेषण र समालोचनात्मक चेत विकासका लागि पनि सहयोगी बन्ने आशा गर्न सकिन्छ । कुनै पनि कृति या पाठको भाषाशैलीमा प्रतीकात्मक एवम् आलङ्कारिक प्रयोग गरिएका उदाहरण पहिचान गरी सन्दर्भपरक विश्लेषण गर्नका लागि पनि यसले सहयोग पुऱ्याउने देखिन्छ जुन शैक्षणिक दृष्टिमा अपेक्षित मानिएको छ । साहित्य तथा भाषा शिक्षण सिकाइका सन्दर्भमा भाषाशास्त्रीय मूल्यसँग परिचित हुन पनि यस लेखको उपयोग गर्न सकिन्छ । त्यस्तै, प्रस्तुत लेखका माध्यमबाट शिक्षार्थी तथा जिज्ञासु पाठकमा भाषाशास्त्रीय एवम् सौन्दर्यशास्त्रीय समालोचकीय चेत विकास हुने अपेक्षा गरिएको छ भने शिक्षण सिकाइ प्रक्रियालाई पनि प्रभावकारी तुल्याउन सान्दर्भिक हुने अपेक्षा गरिएको छ । यसकारण प्रस्तुत लेखको शैक्षणिक सान्दर्भिकता पुष्टि हुन्छ ।

## प्रतीकको सैद्धान्तिक प्रारूप

प्रतीक भनेको भाषिक सङ्केत हो । कुनै अदृश्य तथा अप्रस्तुत विषयका सट्टामा प्रयोग हुने प्रयुक्त वा प्रस्तुत वस्तु, चिह्न वा सङ्केतको प्रतीक हो । सङ्केतका एक स्तरमा वास्तविकताको प्रस्तुतीकरण अर्को स्तरमा वास्तविकताको सहसम्पर्कद्वारा हुनु प्रतीकवाद हो (त्रिपाठी, २०५८, पृ. ६३) । सामान्यतः प्रतीक भन्नाले प्रतिमा, चिह्न, लक्षण, प्रतिमूर्ति आदि भन्ने बुझिन्छ । कला वा साहित्यमा यस शब्दको व्यवहार कुनै विषयलाई अभिव्यक्ति दिने क्रममा समान गुणका आधारमा दृश्य वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिविम्बका रूपमा राखिएको वस्तु वा चिनु भन्ने तात्पर्य बुझिन्छ (नेपाल, सन् २००५, पृ. ११०) साहित्यमा अदृश्य विषयलाई जनाउन दृश्य वस्तु उपयोग गरिन्छ भने त्यो प्रतीक हो ।

प्रतीकका माध्यमबाट स्रष्टाले असहज विषयलाई पनि सहज बनाउन सक्छ भने कलात्मक पनि बनाउँछ । प्रतीकवादी कवि लेखकहरू आफ्ना रचनामा आफूले अँगालेको विषयवस्तु र तत्सम्बन्धी आफ्ना भाव, विचार, मान्यता वा धारणलाई अभिव्यक्ति दिन सकेसम्म सुन्दर, सशक्त, मार्मिक एवम् आकर्षक प्रतीकहरूको कलात्मक प्रयोग गर्छन् (जोशी, २०५७, पृ. ७८) । प्रतीकको प्रभावका सम्बन्धमा उपाध्याय (२०४९) भन्छन् : प्रतीकमा भावाभिव्यक्ति र प्रभावप्रेषणको अपार सामर्थ्य हुनाले कारण हो, अमूर्तभावलाई मूर्त रूपमा प्रस्तुत गर्ने त्यसको विशेषता । नेपाली जीवन साहित्यिक र सामाजिक दुवै दृष्टिले प्रतीकहरूका लागि अभ्यस्त छ । हाम्रो सांस्कृतिक परम्परा नै प्रतीकवादी छ (पृ. ३२५) । त्यस्तै, बराल र एटम (२०६६) ले भन्छन् : कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भाव उल्लेख गर्न उपयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्ते वस्तु वा घटनालाई प्रतीक (कथदयी) भनिन्छ (पृ. ४०) । तसर्थ साहित्यमा प्रतीकको उपयोगबाट प्रस्तुतिलाई प्रभावकारी तथा सौन्दर्यपूर्ण बनाउन सकिन्छ । प्रतीकको उपयोगबिना साहित्य आकर्षक, प्रभावकारी र सार्थक बनाउन कठिन हुन्छ ।

प्रतीकवादको अभिव्यक्तिशैली प्रयोगात्मक छ र यसमा शब्द, अलङ्कार र सौन्दर्यबोध हरेक क्षेत्रमा नौलो नौलो प्रयोग भइरहन्छ तापनि अपरिचित सौन्दर्य अज्ञात माधुर्य सन्निहित हुन्छ (उपाध्याय, २०४९, पृ. ३२९) । प्रतीकवाद नेपालीमा कुनै एक ठोस दर्शनमा बाँधिएको नभई एउटा शैलीको रूपमा लोकप्रिय हुनगएको छ (उपाध्याय, २०४९,

पृ. ३३२) । प्रतीक व्यवस्था साहित्यमा सहज उपयोग हुन्छ । जोशी (२०५७) ले सामान्यतः प्रतीकका चार स्तर : अभिधात्मक, रूपकात्मक, आलङ्कारिक र सादृश्य हुने (पृ. ७८) जनाएका छन् । प्रतीकवादी प्रवृत्ति वा प्रतीकवादको पूर्वरूप धेरै पहिलेका साहित्य कलामा पाइने भए तापनि एक विशिष्ट साहित्यिक कलात्मक आन्दोलनको रूपमा चाहिँ यसको सूत्रपात्र उन्नाइसौँ शताब्दीको उत्तरार्धतिर मात्रै सर्वप्रथम फ्रान्सका एडगर एलेन पोका काव्यविषयक मान्यताहरूको अन्वेषण गर्ने सिलसिलामा बादलेयरद्वारा भएको मानिन्छ (जोशी, २०५७, पृ. ७९) । साहित्यमा उपयोग भएको प्रतीक व्यवस्था कला क्षेत्रबाट प्रवेश भएको हो भनिन्छ । त्यसो त व्यापक अर्थमा साहित्य र कलामा खास भिन्नता पाइँदैन ।

प्रतीकका प्रकारबारे निश्चित मान्यता तथा ढाँचा छैन तर उपयोग गरिएको स्रोतका आधारमा हेर्दा दुई किसिमले वर्गीकरण गर्न सकिन्छ । प्रतीक दुई प्रकारका हुन्छन्, परम्परागत र वैयक्तिक (त्रिपाठी, २०५८, पृ. ६३) । त्यस्तै, प्रतीकका प्रकारका सम्बन्धमा नेपाल (सन् २००५) ले भनेका छन् : साधारणतः प्रतीक दुईथरीका मानिन्छन् - वैयक्तिक प्रतीक र सार्वभौम प्रतीक अथवा चार्ल्स चाडविकले देखाएझैं मानवीय प्रतीक र पराभौतिक प्रतीक । वैयक्तिक प्रतीक भनेको व्यक्ति लेखकले आफ्नो विचारधाराअनुसार, आफ्नै परिवेश, स्थिति र अनुभूतिअनुसार सिर्जना गरेको प्रतीक हो (पृ.११) । उनले सार्वभौम प्रतीकलाई सर्वत्र प्रायः एउटै अर्थमा प्रयोग गरिने प्रतीक हुनाले सर्वग्राह्य र सहजबोध्य ठह्याएका (पृ.११) छन् । प्रतीकको वर्गीकरणका सन्दर्भमा भट्टराई (२०७०) स्रोतका आधारमा प्राकृतिक, सांस्कृतिक, मनोवैज्ञानिक, शारीरिक तथा सामाजिक गरी पाँच किसिमका हुने जनाएका छन् (पृ.३२) । त्यसैगरी उनले नै समग्रमा पुराकथात्मक, आद्य, सामाजिक, प्रकृतिपरक, मनोवैज्ञानिक, दृष्टिनिर्भर, विचारनिर्भर, अलङ्कार मूलक तथा विविध गरी जम्मा नौ किसिमले वर्गीकरण गर्न सकिने (पृ.३३) पनि जनाएका छन् ।

उपर्युक्त सन्दर्भले प्रतीकका प्रकारका सम्बन्धमा विद्वान्हरूबिचमा पनि मतैक्य देखिँदैन । प्रस्तुत लेख प्रतीकका प्रकारमा केन्द्रित नभई कृतिमा उपयोग भएका विविध प्रतीकको पहिचान र विश्लेषणमा केन्द्रित छ । यसो भए पनि प्रतीकको स्रोत, संरचना तथा प्रकृतिका आधारमा कृतिमा प्रयुक्त सन्दर्भ र उपयोगितालाई केन्द्रबिन्दु बनाई कृतिमा रहेका तीन किसिमका प्रतीकलाई प्राधान्य दिई तिनको पहिचान र विश्लेषण गरिएको छ । विश्लेष्य कविता सङ्ग्रहका कवितामा विविध किसिमका प्रतीक प्रयुक्त छन् । यस लेखमा तीमध्ये केही प्रतिनिधिमूलक प्रतीकको मात्र पहिचान र विश्लेषण गरी कविता सङ्ग्रहमा रहेको प्रतीक व्यवस्थालाई उजागर गर्न खोजिएको हो । प्रतीक पहिचान र वर्गीकरण विविध आधार हुने कुरा उपर्युल्लिखित छलफलबाट ज्ञात हुन्छ । तसर्थ यहाँ प्राणीजन्य प्रतीक, वस्तुजन्य प्रतीक एवम् परिवेशजन्य प्रतीक गरी जम्मा तीनओटा उपशीर्षकका छलफल गरिएको छ । सङ्ग्रहमा निर्दिष्ट प्रकृति अन्य प्रतीक तथा अन्य प्रकृति धेरै प्रतीक रहेका छन्, ती सबै प्रतीकको चर्चा भने यहाँ गरिएको छैन । तसर्थ विश्लेष्य कृतिमा प्रयुक्त सबै प्रतीकको चर्चा नगरी सीमित, सुविधाजनक र प्रतिनिधिमूलक प्रतीकको मात्र चर्चा गरिनु यस लेखको सीमा रहेको छ ।

'प्राणीजन्य प्रतीक' अन्तर्गत मानव वा मानवेतर प्राणीसँग सम्बद्ध प्रतीकलाई यसअन्तर्गत राख्न सकिन्छ । मानवीय स्वभाव, कल्पना, व्यवहार, शैली परम्परालगायतका पक्ष तथा अन्य प्राणीलाई प्रतीक बनाइएका सन्दर्भ एवम् प्राणीसँग सम्बद्ध यस शीर्षकअन्तर्गत चर्चा गरिएको छ । त्यसैगरी 'वस्तुजन्य प्रतीक' अन्तर्गत कुनै पनि पदार्थ वा वस्तु वा सामग्रीलाई प्रतीक बनाई प्रस्तुतिलाई कलात्मक बनाइएका वस्तुजन्य प्रतीकलाई

चर्चा गरिएको छ । त्यस्तै ‘परिवेशजन्य प्रतीक’ अन्तर्गत स्रष्टाले उपयोग गरेका समय, सामाजिक, सांस्कृतिक, भौगोलिक आदि सन्दर्भसँग सम्बद्ध प्रतीकलाई यस शीर्षकअन्तर्गत राखी विश्लेषण गरिएको छ । यहाँ विश्लेष्य कविता र निर्दिष्ट प्रतीक प्रयोगको अवस्थालाई जसरी अर्थ्याइएको छ त्यही नै अन्तिम रूप र भाव हो भन्न सकिने अवस्था भने छैन । कविता आफैमा अन्यार्थ द्योतन गर्ने प्रमुख विधा भएकाले पनि यो नै अन्तिम पठनको प्रारूप हो भनेर दावी गर्न सकिँदैन । परन्तु कवितामा प्रयुक्त प्रतीकले उक्त कविताको भाव प्रकटनमा खेलेका भूमिका बोध गरी विश्लेषण गर्ने प्रयत्न भने यहाँ भएको छ ।

## ‘प्रिय मौनता’ कवितासङ्ग्रहमा प्रयुक्त प्रतीक

कवि नेत्र एटमद्वारा लिखित ‘प्रिय मौनता’ कवितासङ्ग्रहमा जम्मा ६० ओटा फुटकर कविता सङ्गृहीत छन् । उक्त कृतिमा पाँचओटा उपशीर्षक बनाई कविताहरू प्रस्तुत गरिएको छ । ‘प्रणयको प्यासन’ नामकरण गरिएको पहिलो उपशीर्षकअन्तर्गत २० ओटा कविता समेटिएको छ । ‘प्रमुदित प्रकृति’ नाम दिइएको दोस्रो खण्डमा १४ ओटा कविता रहेका छन् । तेस्रो खण्डको उपशीर्षक ‘अभीप्साको उद्‌बोधन’ रहेको छ जसमा ९ ओटा कविता राखिएका छन् । ‘स्मृतिको क्याराभान’ उपशीर्षकअन्तर्गत ७ ओटा कविता छन् । त्यसैगरी ‘उपासनाको आलोक’ उपशीर्षकमा १२ ओटा कविताहरू समेटिएका छन् । भिन्न भिन्न खण्डमा भिन्न भिन्न विषयवस्तु समेटिएको भए पनि प्रस्तुतिको शैली तथा विचारको प्रवाह समान किसिमको देखिन्छ । विचार र भाव दुवैको सन्तुलन प्रस्तुतिका लागि कविले आफ्ना कवितामा यथेष्ट प्रतीकको प्रयोग गरेका छन् । ६० ओटा कवितामा सयौँ प्रतीकको प्रयोग भएको देखिन्छ तापनि यहाँ केही प्रमुख र प्रतिनिधिमूलक प्रतीकको चर्चा मात्र गरिएको छ ।

### प्राणीजन्य प्रतीक

‘आफ्नौ प्रतिबिम्ब’ शीर्षकको कवितामा कविले ‘चिसो मुटु’ (पृ.१२) प्रतीकका माध्यमबाट उदासिन एवम् निराश अवस्थाको चित्रण गरेका छन् । उक्त कवितामा कविले ‘चर्किसकेको अनुहार’ (पृ. १२) प्रतीक प्रयोग गरेका छन् । विछोडको पीडाका कारण कविमा उत्पन्न भएको बेखुसी जनाउनका लागि उक्त प्रतीक उपयोग गरिएको छ । ‘प्रिय सपना’ शीर्षकको कवितामा कविले ‘फुटेको मुटु’ (पृ. १६) प्रतीकले पीडामय अवस्थाको उद्‌घाटन गरेको छ । त्यस्तै, उक्त कवितामा प्रयुक्त ‘अनिदा आँखा’ (पृ.१७) प्रतीकलाई चिन्तित अवस्थाका कारण निद्रा नपरी उदास बनेको व्यक्तिचित्र उतारिएको छ । कविता सङ्ग्रहमा रहेको ‘तातो गुलाफ’ शीर्षकको कवितामा ‘हृदयको आँसु’ (पृ.२१) प्रतीकका माध्यमबाट पीडादायी अवस्थाको चित्रण गरेका छन् । ‘आगमन’ शीर्षकको कवितामा ‘वेदनाको मसी’ (पृ.२४), ‘जिन्दगीका पत्रहरू’ (पृ.२४), ‘अर्गानिक सपनाहरू’ (पृ.२४) तथा ‘भावनाका भित्ता’ (पृ.२४) जस्ता प्रतीकको उपयोग गरिएको छ । यी चारओटै प्रतीक मानवीय संवेदना एवम् मनोविज्ञानसँग सम्बद्ध सन्दर्भ प्रकटनका लागि प्रयुक्त छन् । खासगरी उक्त कवितामा प्रणय सम्बन्धको गहिराइमा पुगेर भावनात्मक प्रेम प्रकट गर्दै आनन्दित भइरहेको मानवीय स्वभाव उद्‌घाटन नै प्रमुख भाव रहेको देखिन्छ । विछोडका पीडा तथा सम्बद्ध संस्मरणलाई व्यक्त गर्न ‘वेदनाको मसी’ प्रयाग भएको छ । त्यस्तै, जीवनका अनेक घुम्ती तथा चरणलाई चिनाउन ‘जिन्दगीका पत्र’ भन्ने प्रतीक उपयोग भएको छ । त्यसैगरी मौलिक चाहना या प्राकृतिक इच्छा वा कल्पनाको प्रस्तुतिका लागि ‘अर्गानिक सपना’ प्रयोग भएको देखिन्छ भने संवेदना वा भावनाका विविध पक्ष चिनाउन ‘भावनाका भित्ता’ भन्ने प्रतीक प्रयुक्त छ ।

कवि आफ्ना कवितामा प्रकृति तथा मानवका अन्तरसम्बध एवम् प्रकृतिले मानवबाट

अपेक्षा गरेका पक्षलाई प्रविष्ट गरेका छन् प्रकृतिको प्रतिनिधि बनेर । 'प्रिय कोपिला' शीर्षकको कवितामा शिशु अवस्थाबाट विकसित भई परिपक्व बन्दा सबै प्राणी एवम् वनस्पतिमा सम्भावना र चुनौती दुबै पक्ष सँगसँगै विकास हुने जनाइएको छ । उक्त कवितामा 'कसिलो बन्धन' (पृ. ३५) प्रतीकले नियन्त्रण या अधीनताको सङ्केत गरेको छ भने 'हृदयभरिको मुस्कान' (पृ. ३५) ले स्वच्छन्द खुसी र आत्मीयतालाई जनाएको छ । कवि आफ्ना कवितामा अभिधार्थ र वस्तुपरताभन्दा पनि भावनात्मक अधिव्यञ्जना गर्नका लागि लालायित देखिन्छन् ।

सङ्ग्रहमा समावेश भएका कवितामध्ये 'मिथ्या मान्छेहरू' शीर्षकको कवितामा मानिसमा विकसित अमानवीय प्रवृत्ति एवम् व्यवहारमाथि सशक्त प्रहार गरिएको छ । मानिसमा हुने विवेक, भावना तथा विचारको अन्त्य हुँदै गएकोमा कवि चिन्तित पनि छन् । त्यस्तो गिर्दो मानवीय स्वभावतर्फ कविले विविध प्रतीकका माध्यमबाट सघन प्रस्तुति दिएका छन् । उक्त कवितामा 'खोक्रा मान्छेहरू' (पृ. ५०), 'अहम्को खोल' (पृ. ५०), 'षडयन्त्रको धार' (पृ. ५०), 'चिन्तनको खेत' (पृ. ५०), 'सत्ताका डमी' (पृ. ५०) जस्ता प्रभावशाली प्रतीकको उपयोग गरेका छन् । यी प्रतीकमध्ये पहिलोले मानवीय आचरण र चेतना नभएको मानिस भन्ने अर्थ द्योतन गरेको छ । दोस्रो प्रतीकले सहअस्तित्व नभएको व्यक्तिवादलाई जनाएको छ भने तेस्रो प्रतीकले खराब र कत्सित विचारलाई सङ्केत गरेको छ । त्यसैगरी चौथो प्रतीकमा सोचाइको आधार व्यक्त भएको छ भने पाँचौं प्रतीकमा विचार नभएको स्वार्थी र सत्ताभोगी चरित्रको उद्घाटन भएको छ ।

## वस्तुजन्य प्रतीक

'प्रिय मौनता' कवितासङ्ग्रहमा विभिन्न किसिमका प्रतीकको प्रभावकारी उपयोग गरिएको छ । 'तिमी छ्यौ र त' शीर्षकको कवितामा कविले 'उजाड रुख' (पृ.०५) लाई रुखमा हुनुपर्ने हरियाली नभएर उजाड बनेको अवस्था या रिक्तता वा अभाव भए पनि सम्बोधित व्यक्तिको सान्निध्यले त्यस्तो अभावलाई पनि पूर्णता दिलाउन सक्ने भाव व्यक्त गर्ने सन्दर्भमा प्रयोग गरेका छन् । कविले 'अनि...' शीर्षकको कवितामा 'शीतका आँसु' (पृ.०७) को प्रयोग गरेका छन् । उक्त प्रतीकको आशय अनपेक्षित परिवेशको बाध्यात्मक भोगाइका कारण पीडा कायमै रहन्छ भन्दै बितेका समयको स्मरणले मानिसलाई आत्मबोधको अवस्थामा पुऱ्याउने सङ्केत पनि गरिएको छ । उक्त कवितामा प्रयुक्त 'अन्धकारका हाँगाहरू' (पृ.०७) लाई अँध्यारो समय या प्रतिकूल समयका विविध आयामका रूपमा चित्रण गर्दै त्यस्ता प्रतिकूल समयको अन्त्य पनि चक्रीय ढाँचामै हुने अभिप्राय व्यक्त गरेका छन् । कविले 'प्रणयको बिस्कुन' कवितामा 'बादलका हाँगा' (पृ.०८) र 'आलोकमय गुँड' (पृ.०८) प्रयोग गरेका छन् । उक्त दुई प्रतीकमध्ये पहिलोले चिसो अवस्थालाई सङ्केत गरेको छ भने दोस्रोले उक्त चिसोपनमाथि घामको ताप प्रविष्ट भई न्यानोपन कायम गर्न शक्ति सञ्चय गरेको या सङ्गृहीत भएको अवस्था उद्घाटन गरेको छ । 'अनन्त प्रवाह' कवितामा कविले सबैतिर या सोद्देश्यमूलक दृष्टि पुऱ्याउन सकिने अवस्थालाई जनाउनका लागि 'आँखाको बार्दली' (पृ.१०) भन्ने प्रतीक उपयोग गरेका छन् । उनले सोही कवितामा प्राकृतिक प्रेमानुभूतिलाई 'छातीको माटो' (पृ.१०) सँग दाँजेका छन् भने 'मौनताको सङ्घार' (पृ. १०) लाई प्रतिक्रियात्मक सस्वर अभिव्यक्तिका रूपमा अर्थ्याएका छन् ।

कविले 'निर्वासित मुस्कान' कवितामा 'गुलाफी जून' (पृ.११) प्रतीक सुन्दर तथा सौम्य जुनेली रातको आकर्षक र प्रेमिल अवस्था जनाउन प्रयोग गरेका छन् । त्यस्तै, उनले उक्त कवितामा 'घामको मुस्कान' (पृ.११) प्रतीकका माध्यमबाट उदाउँदो सूर्यको मनोरम दृश्यसहित आत्मीय सन्दर्भ उठान

गरेका छन् । सोही कवितामा 'प्रेमको पारिजात' प्रतीकका माध्यमबाट मायालु र कोमल अवस्थाको चित्रण गरिएको छ । 'आफ्नौ प्रतिबिम्ब' शीर्षकको कवितामा कविले 'गोधूलिको छाया' (पृ.१३) प्रतीकको प्रयोग गरेका छन् । जसमा उनले प्रस्ट नदेखिने या छुट्ट्याउन नसकिने गरी आफैमा समाहित भएको अवस्था उद्घाटन गरेका छन् । त्यसैगरी उक्त कवितामै 'हिउँदको घाम' (पृ.१३) प्रतीकका न्यायो तर पारिलो तापका रूपमा चित्रण गरिएको छ ।

'प्रिय सपना' शीर्षकको कवितामा कविले 'समयको डोरी' (पृ.१६) प्रतीकका माध्यमबाट समयको अन्तराललाई जनाएका छन् भने 'निस्तो घाम' (पृ.१६) का माध्यमबाट अनपेक्षित भोगाइलाई प्रस्तुत गरेका छन् । त्यसैगरी 'बादलको पछ्यौरा' (पृ.१६) ले आकास छोपिएको अवस्थालाई जनाएको छ भने 'आशङ्कको धुलो' बाट कविले शङ्कालु अवस्थाको व्याप्ति गुज्रिएको जनाएका छन् । 'जीवनको पर्दा' शीर्षकको कवितामा 'नवीन उकेरा' (पृ.१९) प्रतीक प्रयुक्त छ । त्यसले ज्ञान, बुझाइ तथा अनुभवको वृद्धिलाई सङ्केत गरेको छ । कविले 'संयोग' शीर्षकको कवितामा 'चञ्चल बतास' (पृ.२०) प्रतीकको प्रयोग गरेका छन् । त्यस प्रतीकले अस्थिर मनोविज्ञानलाई उद्घाटन गरेको छ । कविता सङ्ग्रहमा कविले वस्तुजन्य प्रतीकको अधिक प्रयोग गरेका छन् । 'तातो गुलाफ' शीर्षकको कवितामा 'तातो गुलाफ' (पृ.२१) प्रतीकको उपयोग गरेका छन् । सामान्यतया गुलाफ शितल तथा प्रिय हुने भए पनि कविले गुलाफलाई तातोपन र स्नेहसँग सम्बन्धित तुल्याएका छन् ।

विश्लेष्य कविता सङ्ग्रहमा समाविष्ट '...मान्छे' शीर्षकको कवितामा मानिस र प्रकृतिबिच सान्निध्य अपेक्षा गरिएको छ । अनेक सिर्जनाजस्तै मानिसमा पनि प्रकृतिले स्वाभाविक र मौलिक किसिमको विकास तथा परिवर्तनको चाह राख्ने भए पनि मानिसले त्यो स्वाभाविकता गुमाएको सङ्केत गरिएको छ । मानिसबाट आस्थामाथि अतिक्रमण भइरहँदा पनि प्रकृतिले विश्वास जारी राखिरहेको भाव उक्त कवितामा व्यक्त भएको छ । त्यस कवितामा प्रयुक्त 'समर्पणको गुँड' (पृ. ३४) ले आस्थाको सञ्चयनलाई जनाएको भने 'उपहासको उपहार' (पृ. ३४) का माध्यमबाट मानिसले प्रकृति या आफ्नै मूलमाथि घात गरिरहेको सन्दर्भ उठान गरिएको छ । त्यसैगरी 'पवित्र विश्वास' (पृ. ३४) ले निश्छल विश्वास एवम् चाहनालाई जनाएको छ भने 'आँसुको एसिड' (पृ. ३४) का माध्यमबाट तिरस्कार या उपेक्षा जनाइएको छ । प्रकृतिको उपहारमध्ये फूलको कोपिलालाई कविले 'प्रिय कोपिला' शीर्षक दिई प्रकृतिका सबै प्राणी तथा वनस्पतिको शैशव अवस्थाको वास्तविकता उद्घाटन गरेका छन् । उक्त कवितामा 'मादक लहर' (पृ. ३५) तथा 'सम्भावनाका ढोका' (पृ. ३५) जस्ता प्रतीकको उपयोग गरी क्रमशः आकर्षक गति या परिवर्तन एवम् भविष्यको सकारात्मक पक्षतर्फ सङ्केत गरेका छन् ।

## परिवेशजन्य प्रतीक

'तिमीले मलाई बिर्स्यौ भने' शीर्षकको कवितामा प्रयुक्त 'झरी परिरहने' (पृ.०१) प्रतीक विछोड तथा पीडामा मानिस रुने अवस्थालाई जनाउन उपयोग गरिएको छ । कविले सम्बोधन शैलीमा सहृदयी मित्रले आफूलाई बिर्सदा पीडाबोध हुने र त्यसको प्रतिक्रिया स्वरूप एकान्तमा रोइरहनुपर्ने अवस्था जनाउनका लागि उक्त प्रतीकको प्रयोग गरेका छन्। 'तिमी छ्यौ र त' शीर्षकको कवितामा 'बदली आकाश' (पृ.०५) प्रतीक प्रयुक्त छ। उक्त प्रतीकका माध्यमबाट कविले सम्बोधित व्यक्ति (आत्मीय व्यक्ति) 'तिमी' भएको अवस्थामा अस्वाभाविक र अपरिष्कृत परिवेश पनि ग्राह्य हुने आशय व्यक्त गरेका छन् । कविले सम्बोधित व्यक्तिको सान्निध्य पाएको अवस्थामा प्रकृतिको अस्वाभाविक स्थिति

वा उदाएको जून बादलबाट छेलिँदा पनि सहन सक्ने क्षमता सिर्जना हुने जनाएका छन् ।

प्रकृतिप्रेमलाई कविले मानवीकरण गरेर कवितामा उतारेका छन् । प्रकृति विविध पक्ष तथा मौसमसँग कवि एकाकार हुन चाहन्छन् । प्रकृतिको कुनै खास पक्षलाई सम्बोधन गर्दै प्रकृतिका विविधतामाथि विचरण गर्न सक्षम कवि एटम वस्तुपरक विषयलाई पनि आत्मपरक बनाएर पस्किन्छन् । ‘प्रमुदित प्रकृति’ खण्डअन्तर्गत समाविष्ट अधिकांश कवितामा प्रकृतिप्रेमलाई रोमाञ्चक किसिमले आत्मिक शैलीमा प्रस्तुत गरिएको छ । निरन्त गतिशील पानीका स्वभाव, बोटविरुवा, तुसारो, घाँसपात आदि प्रत्येकलाई सम्बोधन गर्न कवि सक्षम छन् । ‘समयको आयाम’ शीर्षकको कवितामा समय सन्दर्भका आधारमा सिर्जना भएको प्राकृतिक स्वरूप प्रस्तुत गर्दै कविले ‘पानीको फुलेको केस’ (पृ.३३), ‘अँध्यारोको उदासी’ (पृ.३३), ‘मरन्च्याँसे घाम’ (पृ.३३), ‘क्लान्त रुखहरू’ (पृ.३३), ‘तुसारोको साम्राज्य’ (पृ.३३) जस्ता प्रतीकको उपयोग गरिएको छ । उक्त प्रतीकमध्ये ‘पानीको फुलेको केस’ का माध्यमबाट समयको गति चलिरहे पनि पानीको गति नथामिएको बरु परिपक्व भएको सङ्केत गरिएको छ । निरस तथा अनपेक्षित परिवेश जनाउन ‘अँध्यारोको उदासी’ लाई उपयोग गरिएको छ । ‘मरन्च्याँसे घाम’ र ‘क्लान्त रुखहरू’ ले प्रभावहीन उपस्थिति र थकित अवस्थाको सङ्केत गरेका छन् भने ‘तुसारोको साम्राज्य’ ले प्रतिकूल परिवेशको दबदबालाई चिनाएको पाइन्छ । जे होस्, कवि प्रकृतिका विविध पक्षसँग कलात्मक साक्षात्कार गर्न सक्षम देखिन्छन् । कविले ‘जीवनका अक्षर’ कवितामा मानव जीवनका सुन्दर पक्षमाथि गर्व गरेका छन् । प्रकृतिले दिएको जीवनलाई सार्थक बनाउन सके मात्र सफल र सुखी हुन सकिने जनाइएको छ । उक्त कवितामा कविले ‘शून्य आकास’ (पृ. ८७), ‘मिर्मिरे लहर’ (पृ. ८७), ‘जीवन्त आभा’ (पृ. ८७) जस्ता परिवेशजन्य प्रभावकारी प्रतीकको उपयोग गरेका छन् ।

यसरी कवि नेत्र एटम आफ्नो कवितासङ्ग्रह ‘प्रिय मौनता’ भित्र समावेश गरिएका सबै कवितामा कुनै न कुनै किसिमको प्रतीकात्मक प्रस्तुतिमा केन्द्रित छन् । कविता आफैमा भावनात्मक उच्छलन र मनोभावको सचेत प्रकटन पनि भएकाले कविले भावना र विचारको प्रभाव विकासका लागि यथेष्ट प्रतीकको स्वाभाविक र औचित्यपूर्ण उपयोग गरेको पाइन्छ ।

## निष्कर्ष

‘प्रिय मौनता’ कविता सङ्ग्रहमा जम्मा ६० ओटा कविता सङ्गृहीत छन् । कविले कविताहरूमा प्रेमभाव प्रकट भएका कवितालाई एउटा खण्डमा समेटेका छन् । त्यसैगरी प्राकृतिक सन्दर्भ प्रयुक्त कविताहरू दोस्रो खण्डमा राखिएका छन् । त्यस्तै सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गर्दै परिवर्तनको आह्वान गरिएका कविताहरू अन्य खण्डमा समावेश भएका छन् । विश्लेष्य कविता सङ्ग्रहको एक (पहिलो) खण्डमा प्रणयका भावनाहरूलाई सुमधुर र सौम्य किसिमले व्यञ्जित कविताहरू समेटिएका छन् । कविले प्रेमका भावलाई विभिन्न शीर्षकका कवितामा आलङ्कारिक शैलीमा प्रस्तुत गरेका छन् । त्यसैगरी कविले यस कविता सङ्ग्रहमा वर्गीय चेतना भएका कविता पनि समावेश गरेका छन् । विश्वस्तरका साहित्यकार, अभियन्ता तथा क्रान्तिवीरहरूका सन्दर्भलाई तथ्यपरक किसिमले उठान गरेकाले कविमा विश्वसाहित्य, इतिहास एवम् विज्ञानसम्मत अध्ययनका कारण पनि कविता व्युत्पत्ति भएको पाउन सकिन्छ । तसर्थ विश्लेष्य कविता सङ्ग्रह कविको भावनात्मक मनोवेगको उच्छलन मात्र नभई ज्ञान र अनुभवको मिश्रण पनि पाइन्छ । नारीवादी विचार प्रखर ढङ्गबाट प्रस्तुत गरिएका कविताको आधिक्य रहको छ भने लैङ्गिक समभाव एवम् सन्तुलनको अपेक्षा गरिएका कविता

पनि छन् । कवितामा सांस्कृतिक सचेतनासहित समसामयिक नेपाली समाजका विकृति एवम् विसङ्गतितर्फ पनि कवि सचेततापूर्वक प्रकट भएको पाइन्छ । विचारलाई प्रभावमय र प्रवाहमय बनाउनका निम्ति कविद्वारा विभिन्न सान्दर्भिक प्रतीकको उपयोग गरिएको छ ।

प्रतीक स्वतन्त्र शब्द मात्र पनि प्रयोग हुने भए पनि यस कविता सङ्ग्रहमा अधिकांश प्रतीक पदावलीकै रूपमा प्रयोग गरिएको छ । कतिपय एउटै प्रतीक पनि दुई वा सोभन्दा बढी कवितामा प्रयुक्त छन् । कवितामा वस्तुजन्य प्रतीकको आधिक्य रहेको पाइन्छ । कुनै कवितामा अधिक प्रतीकहरूको उपयोग गरिएको छ भने कुनै कवितामा अत्यन्त कम सङ्ख्यामा प्रतीकको उपयोग गरिएको छ । कविताको शीर्षक र विषयवस्तुअनुसारका प्रतीक प्रयोग गरिएकाले प्रस्तुति अर्थपूर्ण र प्रभावकारी बनेको छ । प्रतीकका कारण कविले व्यक्त गर्न चाहेको भाव तथा विचार शिष्ट र आलङ्कारिक शैलीमा सघन किसिमले प्रकट भएको देखिन्छ । सघन भाव र विचार प्रस्तुतिका लागि प्रतीकको समीचीन प्रयोगमा कवि सचेत र सक्षम देखिन्छन् ।

## सन्दर्भ सामग्रीहरू


अब्राम्स, एम.एच. एन्ड हार्फम जी.जी. (सन्.२००५). *अ ग्लोसरी अफ लिटेररी टर्म्स.* अमेरिका : थम्सन वर्डस्वर्थ ।

उपाध्याय, केशवप्रसाद (२०४९). *साहित्य प्रकाश.* ललितपुर : साझा प्रकाशन ।

एटम, नेत्र (२०६१). *समालोचनाको स्वरूप.* ललितपुर : साझा प्रकाशन ।

एटम, नेत्र (२०७७). *प्रिय मौनता.* काठमाडौँ : शिखा बुक्स ।

खनाल, राजेन्द्र (सन् २०२०). ‘ओक्कल दोक्कल पिपलपात कविता सङ्ग्रहमा प्रतीकविधान’. *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन.* भोलुम - ५, (पृ.१५९-१६८). अनुसन्धान व्यवस्थापन एकाइ. शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर । **DOI:** https://doi.org/10.3126/ire.v5i1-2.34746

जोशी, कुमारबहादुर (२०५७). *पाश्चात्य साहित्यका प्रमुख वाद.* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* ललितपुर : साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् २००५). *आख्यानका कुरा.* पश्चिम बङ्गाल : एकता बुक हाउस प्रा.लि. ।

बन्धु, चुडामणि (२०७५). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७०). *समय सौन्दर्य : पर्यावरण र कविता.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

भण्डारी, पारसमणि (२०६९). *नेपाली कविता र काव्य.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।